प्रदेश प्रमुख

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
गण्डकी प्रदेश, पोखरा

गण्डकी प्रदेश
पोखरा नेपाल
फोन नं. ०६१-५७०८८३

# ग्याल्पो ल्होसार, २०८२ को शुभकामना सन्देश

शेर्पा समुदायको महान् पर्व '२१५३ औं ग्याल्पो ल्होसार' । यस समुदायबीच प्रचलित पञ्चाङ्ग अनुसार आजबाट नयाँ वर्ष आरम्भ भएको छ। यस अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण आमाबुवा, दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति एवम् समृद्धिका लागि शुभकामना व्यक्त गर्दछु।

ग्याल्पो ल्होसार फागुन शुक्ल प्रतिपदादेखि पूर्णिमासम्म विविध कार्यक्रम आयोजना गरी भव्य रूपमा मनाइने गरिन्छ। ग्याल्पो ल्होसार भोटका नवौं राजा उदे गुङ्ग्यालका पालादेखि सुरू गरिएको हो । यो ल्होसारलाई कसैले ग्याल्पो र कसैले ग्याल्बो उच्चारण गर्ने गरेको पाइन्छ। नेपालको हिमालीलगायत विभिन्न क्षेत्रमा बसोबास गर्ने आदिवासी शेर्पालगायत महायान बौद्ध धर्मावलम्बी समुदायले यो पर्व मनाउने गर्दछन्।

ग्याल्पो ल्होसार प्राचीन उत्पादन पद्धतिमा आधारित मौलिक एवं ऐतिहासिक पर्व हो । पारिवारिक जमघट, आफन्त भेटघाट तथा गुथुक खाप्सेलगायतका परिकार खाएर हर्षोल्लासका साथ मनाइने यो पर्वले शेर्पा जातिको पहिचान र विशेषतालाई झल्काउँछ।

यस प्रकारका पर्वले विभिन्न जाति एवं समुदायका धार्मिक तथा सांस्कृतिक आस्थालाई सम्मान गर्दै विभिन्न सभ्यता, भाषा, कला, संस्कृति, लिपि, वेशभूषा र सांस्कृतिक सम्पदाको संरक्षणमा योगदान दिएको छ।

अन्त्यमा, यो पर्वले आन्तरिक राष्ट्रियता, आपसी सद्भाव, सहिष्णुता, सहकार्य र एकता थप सुदृढ गर्ने विश्वास व्यक्त गर्दै समृद्ध मुलुक निर्माण गर्नका लागि अघि बढ्न सबैलाई प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु।

२०८२ फागुन ६ गते, बुधबार।
ने.सं. ११४६ चिल्लाथ्व पारु-१ ।

डिल्लीराज भट्ट
प्रदेश प्रमुख

प्रदेश प्रमुख